# नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

Website: www.tsc.gov.np

पत्रसंख्या :०८१/०८२
चलानी नं. : ३१८

मिति : २०८१।०९।०३

विषयः अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको व्यहोरा प्रमाणित गर्ने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबै ।

शिक्षक सेवा आयोगबाट प्रकाशित निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्र (विज्ञापन नं ४२/०८१/८२) को नतिजा मिति २०८१।०८।२६ मा प्रकाशित भएको व्यहोरा अवगत नै छ । उक्त परीक्षामा उत्तीर्ण उम्मेदवारहरुको अध्यापन अनुमतिपत्र छपाई गरी वितरण गर्न केही समय लाग्ने भएकाले यदि कुनै उत्तीर्ण उम्मेदवारले कुनै विद्यालयबाट विज्ञापन भएको शिक्षक पदमा नियुक्तिको लागि आवेदन दिने प्रयोजन खुलाइ अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भएको व्यहोरा प्रमाणित गरिदिन देहाय अनुसारका कागजात संलग्न राखी निवेदन दिएमा, यस आयोगको वेवसाइटमा प्रकाशित नतिजासँग भिडाइ न्यूनतम योग्यता पुरा भए नभएको यकीन गरी अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको व्यहोरा अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित गरिदिने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

प्रमाणित गर्दा पेश गर्नुपर्ने कागजातहरु

क) निवेदन
ख) प्रवेशपत्रको प्रतिलिपि
ग) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
घ) न्यूनतम शैक्षिक शैक्षिक योग्यताको प्रमाणपत्र  र तालिमको प्रमाणपत्रको प्रतिलिपि
ङ) विदेशी शिक्षण संस्थाबाट शैक्षिक योग्यता प्राप्त गरेका उम्मेदवारको हकमा समकक्षताको प्रमाण पत्रको प्रतिलिपि

२०८१/०९/०३

रामचन्द्र शर्मा
उपसचिव